# त्रिभुवन विश्वविद्यालय जनशक्ति विकास तथा कल्याण कार्यक्रम अन्तर्गत वृत्तिमा उच्च अध्ययनको लागि आवेदन आह्वानको सूचना आ.व. २०८२।०८३

त्रिभुवन विश्वविद्यालयका शिक्षक/कर्मचारीहरुको वृत्ति विकासका लागि जनशक्ति विकास तथा कल्याण कार्यक्रम अन्तर्गत (आ.व.२०८२।०८३) को निम्ति शिक्षकहरुको लागि विद्यावारिधि/एमफिल तह र कर्मचारीहरुको लागि विद्यावारिधि/ एमफिल, स्नातकोत्तर तथा स्नातक तह अध्ययन गर्न काठमाडौं उपत्यकाभित्रका त्रिविका क्याम्पस/कार्यालयहरुमा न्यूनतम ३ वर्ष स्थायी सेवा पुगेका तथा उपत्यका बाहिरका क्याम्पस/कार्यालयहरुमा २ वर्ष स्थायी सेवा पुगेका हालसम्म कार्यरत, ५० वर्ष उमेर ननाघेका र आ.व २०८२।०८३ मा सम्बन्धित तहमा भर्ना भई १ वर्ष पूरा नभएका, त्रिविबाट पूर्व स्वीकृति लिएका शिक्षक/कर्मचारीहरुको लागि छात्रवृत्तिमा अध्ययन गर्न आवेदन आवहानको लागि यो सूचना जारी गरिएको छ । त्रिवि जनशक्ति विकास सम्बन्धी विनियम २०८० मा तोकिए बमोजिमको आवेदन फारम अनुसार आवेदन दिन इच्छुक योग्य शिक्षक/कर्मचारी तथा त्रिविबाट सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस/कलेजहरुमा कार्यरत शिक्षकहरुले यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले २१ दिन भित्र त्रिविको जनशक्ति विकास सम्बन्धी विनियम २०८० अनुसार फारम भरी सम्बन्धित निकाय प्रमुखबाट प्रमाणित गराई नेपाल बैंक लिमिटेडको त्रिविको वृत्ति विकास खाता नं ०४५००१०००९९००६००००१ मा रु. १०००।– बुझाएको भौचर सहित त्रिवि शिक्षाध्यक्षको कार्यालय, समन्वय महाशाखा, कीर्तिपुरमा आइपुग्ने गरी दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिएको छ। रित नपुगी र म्याद नाघि प्राप्त भएको आवेदन फारम उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ। अन्य विस्तृत व्यहोरा सहितको विवरण त्रिविको वेब साइट www.tu.edu.np बाट जानकारी प्राप्त गरी डाउनलोड समेत गर्न सकिने व्यहोरा सूचित गरिन्छ। अन्य जानकारीको लागि समन्वय महाशाखामा सम्पर्क गर्न सकिनेछ।

## १. शिक्षकतर्फ

| क्र.सं | विवरण | आ.व २०८२।०८३ को लागि निर्धारित कोटा | कैफियत |
|---|---|---|---|
| १ | विज्ञान तथा प्रविधि अध्ययन संस्थान | ७ | |
| २ | व्यवस्थापन संकाय | १३ | |
| ३ | शिक्षाशास्त्र संकाय | ७ | |
| ४ | मानविकी तथा सामाजिकशास्त्र संकाय | ८ | |
| ५ | कानुन संकाय | ५ | |
| ६ | सम्बन्धन प्राप्त क्याम्पस, कलेजतर्फ खुल्ला (सामुदायिक कलेजहरु) (२ पिएचडी र ३ एमफिल) | ५ | |
| ७ | एमफिल खुल्ला (त्रिवि शिक्षक) | १० | |

## २. त्रिविका आंगिक क्याम्पस/ कार्यालयका कर्मचारी तर्फ

| क्र.सं | विवरण | आ.व २०८२।०८३ को लागि निर्धारित कोटा | कैफियत |
|---|---|---|---|
| १ | पिएचडी | २ | |
| २ | एमफिल | ४ | |
| ३ | स्नातकोत्तर | ४ | |
| ४ | स्नातक | २ | |

**द्रष्टव्य :**

१. उपर्युक्त कुराहरु प्रमाणित हुने खालको प्रमाणित पत्र, पुस्तक, पुस्तिका, पत्रिका, अनुसन्धानपत्र आदि अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

२. आवेदनमा जानाजानी कुनै विवरण तथ्यहिन रुपमा भरेमा विनियमको २७ (ङ) वमोजिम कारबाही गरिनेछ ।

३. आवेदकहरुले आवेदन साथ आफ्नो वायोडाटा पनि संलग्न गर्नु पर्नेछ ।

४. त्रि.वि. जनशक्ति विकास तथा कल्याण कार्यक्रमको मध्यावधिक वा दीर्घावधिक वृत्ति अन्तर्गत विद्यावारिधि तहसम्मको अध्ययनको लागि आवेदन फाराम दर्ता गर्न नेपाल बैंक लि., कीर्तिपुर शाखाको त्रिभुवन विश्वविद्यालय जनशक्ति विकास तथा कल्याण परिषद्को **नामको चल्ती खाता नं. ०४५११६०००९९००६००००१ मा रु. १०००।- (एक हजार रुपैया) बुझाई** सो भौचर आर्थिक प्रशासन महाशाखा, त्रि.वि. कीर्तिपुरमा पेश गरेको प्रमाण अनिवार्यरुपमा आवेदनसाथ संलग्न हुनु पर्नेछ । उपत्यका बाहिरका क्याम्पसहरुबाट उक्त उल्लेखित शुल्क बैंकको ड्राफ्टको माध्यमबाट पनि पठाउन सकिनेछ ।

५. विद्यावारिधि अध्ययनका लागि आवेदन दिने त्रि.वि.का शिक्षक, कर्मचारीहरुले आफुले अध्ययन गर्न खोजेको विद्यावारिधि गर्ने विषयको प्रस्तावना ४ प्रति र सोको निम्ती २५० शब्दमा नघटाई प्रस्तावित शीर्षकको साराशं (Abstracts) ४ प्रति अनिवार्यरुपमा आवेदन साथ पेश गर्नु पर्नेछ ।

६. त्रि.वि. अन्तर्गत विद्यावारिधि अध्ययनार्थ एम.फिल तह उत्तीर्ण हुनुपर्ने प्रावधान भएका विषयहरुमा विद्यावारिधिको लागि आवेदन दिनेहरुले एम.फिल. उत्तीर्णको प्रमाण पत्र तथा सम्वन्धित विषयमा भर्ना/दर्ता भएको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

७. विदेशी एवं अन्य विश्वविद्यालयहरुबाट प्राप्त उपाधिको हकमा त्रि.वि. पाठ्यक्रम विकास केन्द्र मार्फत प्रमाणपत्र छानविन तथा प्रमाणपत्र समकक्षता (Equivalence) निर्धारणको प्रमाणपत्र अनिवार्यरुपमा आवेदकले आफ्नो आवेदन साथ पेश गर्नु पर्नेछ ।

८. आवेदन फाराममा उल्लेखित कुराहरु प्रमाणित हुने खालका प्रमाणित प्रमाणपत्रहरु शैक्षिक योग्यता, अनुभव, तालिम, दुर्गम जिल्ला सेवा र पुस्तक पुस्तिका, अनुसन्धान पत्र पत्रिका, लेख रचना आदि अनिवार्यरुपमा आवेदन साथै संलग्न गरी पेश गर्नु पर्नेछ । जसमध्ये पुस्तक पुस्तिका, अनुसन्धान पत्र र लेख आदिको मुल्याङ्कन भइ नम्बर प्रदान गरिने हुँदा सो कृति संलग्न नभएमा सोको नम्बर प्रदान नगरिने बेहोरा जानकारी गराइन्छ । त्यस्तै कृति अलवा अन्य प्रमाणपत्रहरुको नम्बर विनियमअनुसार प्राप्त हुने बेहोरा समेत जानकारी गराउँदै पछि पेश गर्ने शर्तमा कुनै फाराम दर्ता गरिने छैन ।

९. फारामसाथ पेश हुन आएका कृतिहरू वृत्तिको नतिजा प्रकाशन भई छनौट भएको ३५ दिन भित्र समन्वय महाशाखामा सम्पर्क राखी बुझी लिनु पर्नेछ । सम्वन्धित शिक्षकले आफ्नो कृति सो मितिभित्र फिर्ता नलगेमा महाशाखा जवाफदेही हुनेछैन ।

१०. आवेदन फाराम सम्भव भएसम्म समन्वय महाशाखाका सम्वन्धित कर्मचारीहरूबाट चेक गराई ठीक ठहरिएपछि मात्र बुझाएमा फाराम रद्द हुने सम्भावना हट्न सक्दछ ।

११. विद्यावारिधी एवं एमफील मा रजिष्ट्रेशन भएको १ वर्ष अवधि भित्रका शिक्षक कर्मचारीहरुले मात्र आवेदन गर्न सक्नेछन् ।

१२. आवेदन फाराम सहितका अन्य आवश्यक कागजातहरु समन्वय महाशाखामा बुझाउनु पर्नेछ ।

१३. वृत्ति सम्बन्धी त्रिवि जनशक्ति विकास तथा कल्याण कार्य समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ । साथै विस्तृत जानकारीको लागि समन्वय महाशाखाको फोन नं ०१–४३३१०४४ मा सम्पर्क गर्न सकिने छ ।

**पुनश्चः** विज्ञान तथा प्रविधि अध्ययन संस्थान र संकायहरुको लागि कोटा निर्धारण गरिएको छ तर विषय नतोकिएको हुँदा उल्लिखित निर्धारित सम्बन्धित संस्थान र संकायका सबै विषयहरुका शिक्षक बीच खुल्ला प्रतिस्प्रर्धात्मक रुपमा योग्यताक्रमका आधारमा छनौट हुनेछ ।

**मिति :– २०८२ चैत्र ६ गते**

**दिपक तिवारी**
**प्रमुख**
**त्रि.वि. समन्वय महाशाखा**